# आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम

विद्युत नियमन आयोग
सानो गौचरण, काठमाण्डौ
असार, २०८२

"सर्वसुलभ, भरपर्दो तथा सुरक्षित विद्युतको आधार

हरेक विद्युत उपभोक्ताको अधिकार"

विद्युत नियमन आयोगको २७९ औं बैठकद्वारा स्वीकृत

(आयोगका अध्यक्ष डा. राम प्रसाद घितालद्वारा प्रस्तुत गरिएको)

# आयोगको आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रम

विद्युत नियमन आयोग

२०८२ असार २९

**www.erc.gov.np**

१. विद्युत क्षेत्रको स्वतन्त्र तथा स्वशासित नियामक निकाय **"विद्युत नियमन आयोग"** को अध्यक्षको हैसियतमा आर्थिक वर्ष २०८२/८३ मा आयोगद्वारा संचालन गरिने योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु।

२. विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयद्वारा प्रथम पदाधिकारीहरुको नियुक्ति भएसँगै मिति २०७६ वैशाख २३ मा विद्युत नियमन आयोगको गठन भई संचालनमा आएको थियो। वि.स.२०८१ बैशाख २५ मा अध्यक्ष तथा १ सदस्य पदावधि समाप्त भएको हो। आयोगको सुरुवाती पाँच वर्ष नेपालमा विद्युत नियमनको अवधारणा र सिद्धान्तहरूको आधारशिला स्थापना गर्ने महत्वपूर्ण कालखण्डको रुपमा रहयो।

३. त्यसैगरी, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८१ असार १० को निर्णयले सोही मिति देखि अध्यक्षमा डा. राम प्रसाद धिताल र सदस्यमा डा. मधुसूदन अधिकारी र डा. झमक प्रसाद शर्माको नियुक्ति भएको थियो। साथै, हालसालै मात्र रिक्त रहेको एक सदस्य पदमा नेपाल सरकार (मन्त्रिपरिषद) द्वारा मिति २०८१ चैत्र ०१ मा श्रीमती भागिरथी भट्टराई ज्ञवालीलाई नियुक्त गरिएको छ। अहिले आयोगमा एक अध्यक्ष र चार सदस्य सहितको पूर्ण आयोग संचालनमा रहेको अवस्था छ।

४. राष्ट्रको समग्र आर्थिक वृद्धिका निमित्त विद्युतको अत्याधिक महत्व रहेको हुन्छ। विद्युतको दक्षतापूर्ण उत्पादन र प्रयोगले अर्थतन्त्रको उत्पादनशीलता प्रत्यक्ष एवं परोक्ष प्रभाव पार्दछ। तसर्थ, विद्युतको उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई नियमन गरी उच्च गुणस्तर तथा दक्षतासहितको विद्युत प्रणालीको विकास गर्नु पर्दछ। आधुनिक समाजमा विद्युत सेवा उपभोक्ताका लागि आधारभूत सेवाका रुपमा स्थापित भइसकेको छ, त्यसै कारण नेपालको संविधानको धारा ५१ को खण्ड छ को उपखण्ड (३) ले **नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने** राज्यको नीति रहने उल्लेख गरिएको छ।

५. त्यस्तै, नेपाल सरकारद्वारा जारी गरिएको **सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)** ले निर्दिष्ट गरेको **सुखी नेपाली समृद्ध नेपालको दीर्घकालीन सोचअनुरुप** वि.स. २०८५/८६ सम्म विद्युतमा शतप्रतिशत जनताको पहुँच सुनिश्चित गरिने तथा वि.स. २१००/०१ सम्ममा ४०,००० मे.वा. विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। वार्षिक विद्युत माग वृद्धि दरको अनुपातमा विद्युत उत्पादन, प्रसारण तथा वितरणको व्यवस्था गरी आर्थिक विकासमा विद्युतको अधिकतम उपयोग

गर्ने व्यवस्था मिलाउने; आन्तरिक विद्युतको माग पूर्ति भएपछि बचत भएको विद्युतलाई निर्यातयोग्य वस्तुको रुपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजार, अन्तरदेशीय विद्युत व्यापार प्रबर्द्धन तथा सोको लागि आवश्यक संरचना निर्माण गर्नु, तथा वैकल्पिक ऊर्जा उपभोग बढाउनु लगायतको सोच नेपाल सरकारको रहेको देखिन्छ।

६. त्यसैगरी, नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयद्वारा जारी गरिएको **ऊर्जा विकास मार्गचित्र, २०८१** अन्तर्गत सन् २०३५ सम्ममा नेपालको विद्युत उत्पादन जडित क्षमता २८,५०० मे.वा. पुर्याउने लक्ष्य लिइएको छ। उक्त मार्गचित्रबमोजिम आयोगलाई प्राप्त देहायबमोजिमका जिम्मेवारी विद्युत नियमन आयोग ऐन, २०७४ को मर्म अनुकुल हुने गरी कार्यान्वयन गरिने लक्ष्य रहेको छ :

क) विद्युत नियमन आयोगलाई जलाशययुक्त आयोजनाहरुको विद्युत खरिद दर निर्धारण गर्ने सम्बन्धमा आवश्यक आधार तथा मापदण्ड तयार गर्ने र जलाशययुक्त आयोजना विकासमा Vertical Separation PPP Modality (VSPPPM) लगायतका उपयुक्त मोडालिटी प्रयोगमा ल्याउने,

ख) जलविद्युत आयोजनाहरुमा लगानीको सुनिश्चितताको प्रत्याभूतिको लागि १०० मे.वा. माथिका विद्युत खरिद बिक्री सम्झौता भई वित्तीय व्यवस्थापन गर्न बाँकी रहेका स्वदेशी लगानीमा आधारित RoR तथा PRoR विद्युत आयोजनाहरु र आगामी दिनमा विद्युत खरिद बिक्री सम्झौता हुने विद्युत आयोजनाहरुको स्वपुंजीमा तोकिएको बन्देज हटाउने व्यवस्था मिलाउने,

ग) विद्युत प्रसारण तथा वितरण संरचनामा खुल्ला पहुँचको व्यवस्थाका लागि कार्यविधि तर्जुमा गरी लागू गर्ने, विद्युत वितरकले असाधारण अवस्थामा बाहेक पूर्व सूचना बिना विद्युत कटौती गरेमा वा भोल्टेजलगायत अन्य कारणले उपभोक्तालाई क्षति पुग्न गएमा सो वापतको क्षतिपूर्ति सम्बन्धी नीतिगत व्यवस्था गर्ने।

घ) निजी क्षेत्रबाट प्रवर्द्धन हुने ग्रिड जडित Storage Solar PV System का लागि विद्युत खरिद बिक्री दर निर्धारण गर्ने,

ङ) तोकिएको प्रसारण शुल्क बुझाइ उच्च भोल्टेजका उपभोक्ताले सिधै विद्युत उत्पादक वा व्यापार अनुमतिपत्रप्राप्त संस्थाहरुबाट विद्युत खरिद गर्न सक्ने व्यवस्था मिलाउने, तथा

च) विद्युतको खपत बढाउन गार्हस्थ्य वर्गका ग्राहकका लागि Seasonal Time-of-the Day (TOD) महसुल प्रणाली क्रमिकरुपमा लागु गर्ने।

७. **नेपाल सरकारद्वारा आ.व. २०८२/८३ को लागि नीति तथा कार्यक्रमहरु** घोषणा गरिएको छ। नेपाल सरकारद्वारा आगामी आ.व. २०८२/८३ मा जलविद्युत उत्पादन, प्रसारण र वितरण प्रणालीलाई व्यवस्थित गर्ने तथा ऊर्जा सुरक्षाको लागि विद्युत उत्पादनलाई विविधीकरण गर्ने लगायतको विषयलाई उच्च महत्वमा राखिएको छ। विद्युत नियमन तथा उपभोक्ता महसुल निर्धारणसंग परोक्ष सम्बन्ध राख्ने निम्न बमोजिमका विषयवस्तुहरु सम्बोधन गरिएको छ :

क) ऊर्जा मिश्रणको लागि लघु तथा साना जलविद्युत, सौर्य, तथा वायु ऊर्जाको विकास गर्ने, औद्योगिक तथा गार्हस्थ्य ग्राहकको लागि ऊर्जाको माग र खपत समयको आधारमा फरक फरक महसुल निर्धारण गर्ने,

ख) राष्ट्रिय प्रसारण प्रणालीदेखि उद्योग स्थलसम्मको वितरण लाइन उद्योग आफैले निर्माण गरेमा व्हिलिंग चार्ज लिन पाउने व्यवस्था गर्ने,

ग) औद्योगिक क्षेत्र लगायत विद्युतको उच्च माग भएका स्थानमा अविच्छिन्न, पर्याप्त र भरपर्दो विद्युत सेवा सुनिश्चित गर्ने, तथा

घ) विद्युत माग कम हुने समयमा निश्चित युनिट भन्दा बढी खपत गर्ने उत्पादनमूलक उद्योगलाई महसुल दरमा छुट दिने व्यवस्था मिलाइने उल्लेख गरिएको छ।

उल्लेखित नीति तथा कार्यक्रमहरूबाट सरकारको ऊर्जा क्षेत्रमा विविधीकरण, उपभोक्ता अनुकूल महसुल संरचना निर्धारण तथा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने सम्बन्धमा नीति स्पष्ट रहेको देखिन्छ। तसर्थ, सरकारको नीतिअनुरुपका कार्यक्रम कार्यान्वयनमा विद्युत नियमन आयोगको भूमिका महत्त्वपूर्ण रहनेछ।

८. यसै परिवेसमा, नेपाल सरकारद्वारा **विद्युत नियमन आयोग ऐन, २०७४** मार्फत विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्न, विद्युत उपभोक्ताको हक र हित संरक्षण गर्न, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन विद्युत नियमन आयोगको गठन गरिएको हो। समग्र देशको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न विद्युतको विकास अपरिहार्य भएकोले विद्युत नियमन आयोगका काम कारबाही एवम् योजना तथा कार्यक्रमहरु विद्युत क्षेत्रका लागि अतुलनीय तथा दीर्घकालीन महत्वको हुन जान्छ।

९. **“सर्वसुलभ, भरपर्दो तथा सुरक्षित विद्युतको आधार, हरेक उपभोक्ताको अधिकार”**- यही मूल दृष्टिकोणलाई आत्मसात गर्दै आयोग देशको ऊर्जा भविष्यलाई समावेशी एवंम् उत्तरदायी बनाउने र दीर्घकालीन विकासमा टेवा पुर्याउने संकल्पमा दृढ रहने छ। विद्युत केवल सेवा मात्र नभई नागरिकको अधिकार र राष्ट्रिय समृद्धिको आधारका रूपमा मान्यता दिँदै आयोगले पारदर्शी नियमन, नवप्रवर्तनशील सोच र संस्थागत नेतृत्वमार्फत उल्लेखित मूल नारालाई व्यवहारमा उतार्ने अठोट लिएको छ।

## आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट भएको काम कारबाही, विद्यमान अवस्था तथा चुनौतीको समीक्षा

१. विक्रम सम्बत २०८१ साल असार १० गते म, अध्यक्ष र अन्य दुई सदस्यको नियुक्ति पश्चात आयोगद्वारा पञ्च-वर्षीय मार्गचित्र (२०८१-२०८६) तर्जुमा गरी जारी गरिएको छ। यसै मार्गचित्र अन्तर्गत रहेर आयोगले नेपालको विद्युत क्षेत्र रुपान्तरण, नियामकीय व्यवस्थाको सशक्तीकरण, विद्युत क्षेत्रको जवाफदेही तथा पारदर्शी नियमन तथा उपभोक्ता संरक्षण लगायतका विषयमा जोड दिएको छ। विद्यमान समयमा आयोगको काम कारबाही नेपाल सरकारको विद्युतसम्बन्धी नीति तथा आयोगको मार्गचित्र अनुरुप नै निर्देशित रहेर अगाडि बढी रहेका छन्। गत आ.व. २०८१/८२ मा आयोगबाट भएका काम कारबाही निम्नबमोजिम उल्लेख गरिएको छः

क) **आयोगको पञ्च-वर्षीय मार्गचित्र (२०८१—२०८६)**: आयोगको दोस्रो कार्यावधिको लागी पदाधिकारीहरुको आगमन लगतै पञ्च—वर्षीय मार्गचित्र (२०८१—२०८६) तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ। आयोगको आगामी पाँच वर्षको कार्यदिश यसै मार्गचित्रमा आधारित भएर अगाडि बढ्ने रहेको छ। यसै मार्गचित्र अनुरुप आयोगले सुरुवाती वर्षहरुमा आयोग आन्तरिक सुदृढीकरण, विवाद समाधानसम्बन्धी व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली, खुला पहुँच तथा महसुल अध्ययन लगायतका विषयमा केन्द्रित रहेको थियो।

ख) **आर्थिक प्रशासन विनियमावलीको स्वीकृतिः** विद्युत नियमन आयोगको आर्थिक तथा वित्तीय सुशासन र दैनिक संचालनका निमित्त अत्यावश्यक विद्युत नियमन आयोगको आर्थिक प्रशासन विनियमावली, २०८१ उपर नेपाल सरकारद्वारा मिति २०८१/०६/०६ मा स्वीकृति प्रदान गरिएको थियो। त्यस पश्चात आयोगद्वारा नेपाल सरकारमार्फत प्राप्त सल्लाह सुझाव सम्बोधन गरी आयोगको मिति २०८१/०७/०२ को बैठकबाट सो विनियमावली जारी गरी सोही मिति देखि कार्यान्वयनमा ल्याइएको छ।

ग) **कर्मचारी प्रशासन विनियमावलीको स्वीकृतिः** नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८१/०९/०१ को सहमतिबमोजिम आयोगले २०८१/०९/२५ गतेका दिन विद्युत नियमन आयोग कर्मचारी प्रसाशन विनियमावली, २०८१ जारी गरेको छ । यसका साथै, विनियमावलीजारी भएसँगै आयोगलाई आवश्यक कर्मचारी नियुक्ति गर्न सक्ने बाटो खुल्ला भएकोले लोकसेवा आयोगसँगको समन्वयमा कर्मचारी नियुक्तिको कार्य अगाडी बढी रहेको छ।

घ) **अनलाइन डकुमेन्ट म्यानेजमेन्ट प्रणाली**: विद्युत नियमन आयोगद्वारा प्रदान गरिने सेवा जस्तै अनुमतिपत्र प्राप्त व्यक्तिहरुको शेयरको सार्वजनिक निष्काशन, विद्युत कम्पनीको शेयर संरचना परिवर्तन, तथा विद्युत खरिद बिक्री सम्झौतामा सहमति र संशोधनसम्बन्धी आयोगबाट हुने अन्य काम कारबाही तथा सेवा प्रवाहलाई छिटो छरितो, विश्वसनीय, सेवाग्राही तथा प्रविधि मैत्री रुपले संचालन गर्नका निमित्त Document Management System (DMS) प्रणाली कार्यान्वयनमा ल्याएईको छ।

ङ) **नियामकीय उपकरणहरुको पुनरावलोकन**: गत आर्थिक वर्षबाट आयोगद्वारा हालसम्म निर्माण भई कार्यान्वयन आएका विभिन्न नियामकीय उपकरणहरुको पुनरावलोकन गर्ने लक्ष्य लिएको छ। यसै सन्दर्भमा, उपभोक्ता विद्युत महसुल निर्धारणसम्बन्धी निर्देशिका,२०७६ लाई समयसापेक्ष र समयानुकुल रुपमा परिवर्तन गर्ने कार्य भएको छ। उक्त निर्देशिकाको संशोधित मस्यौदा विज्ञ तथा सरोकारवालाको राय सुझावको लागि सार्वजनिक गरिएको छ। त्यसैगरी, विद्युत अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त सम्बन्धी विनियमावली २०७६, विद्युत कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति सम्बन्धी निर्देशिका, २०७८ लगायतका विनियम तथा निर्देशिकाहरु पुनरावलोकनको प्रक्रियामा रहेको छन्।

च) **उपभोक्ता महसुलदर निर्धारणमा पुनरावलोकन**: बुटवल पावर कम्पनीद्वारा संचालित आँधिखोला विद्युत वितरण केन्द्रमार्फत स्याङ्जा तथा पाल्पा जिल्लाका उपभोक्तालाई वितरण गरिने उपभोक्ता विद्युतको महसुल ७५ प्रतिशतसम्म वृद्धि गर्नका निमित्त आयोगमा निवेदन परेपछि आयोगले साविकमा गरेको महशुल वृद्धिउपर उपभोक्ताबाट असहमति जाहेर भएपश्चात त्यसको समुचित सम्बोधन गर्ने क्रममा आयोगले सरोकारवालासंग वार्ता तथा समन्वय गरी आयोगको तत्कालीन निर्णयलाई मिति २०८१/११/१९ मा पुनरावलोकन गरी समग्र उपभोक्ताको सरोकार तथा गुनासोलाई मध्यनजर गर्दै करिब ३० प्रतिशतले मात्र वृद्धि कायम हुने गरी परिमार्जन गरिएको हो।

छ) **विवाद समाधानसम्बन्धी विनियमावली, २०८२ जारी गरिएको**: गत आर्थिक वर्षमा विद्युत नियमन आयोगद्वारा अनुमतिपत्र प्राप्त व्यक्ति बीच र अनुमतिपत्र प्राप्त व्यक्ति तथा उपभोक्ता बीच हुने विद्युत सम्बन्धी विवादको छिटो छरितो र न्यायसंगत रुपमा विवादको निरुपणका निमित्त “विवाद समाधानसम्बन्धी विनियमवाली, २०८२ आयोगबाट स्वीकृत भई मिति २०८२/१/११ देखि लागू भईसकेको अवस्था छ ।

ज) **जलाशययुक्त जलविद्युत आयोजनाहरु (Hydro Storage) को विद्युत खरिद बिक्री दर निर्धारणसम्बन्धी अवधारणा/छलफल पत्र जारी गरिएको:** विद्युत नियमन आयोगद्वारा २०८१ साल वैशाख ४ मा जलाशययुक्त जलविद्युत आयोजनाहरूका लागि विद्युत् खरिद बिक्री सम्झौता (PPA) र सोको विद्युत खरिद बिक्री दर निर्धारणसम्बन्धी छलफलपत्र सार्वजनिक गरिएको छ।

झ) **खुल्ला पहुँच (Open Access) सम्बन्धी अवधारणा/छलफल पत्र र निर्देशिका जारी गरिएको:** नेपालको विद्युत क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि, विद्युत विकासमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन गर्न तथा उपभोक्तालाई आफ्नो सेवा प्रदायक आफै छनौट गर्न पाउने अवसर प्रदान गर्न आयोगद्वारा खुल्ला पहुँचसम्बन्धी छलफल पत्र तथा उक्त छलफलपत्रमा विभिन्न सरोकारवाला तथा विषय विज्ञको राय, सल्लाह सुझावको लागि विद्युत नियमन आयोग (खुल्ला पहुँचसम्बन्धी) निर्देशिका जारी गरिएको छ । उक्त निर्देशिकामा खुल्ला पहुँच प्रयोगकर्ताको योग्यता, खुल्ला पहुँचको निवेदन बुझ्ने र स्वीकृत गर्ने निकाय, खुल्ला पहुँचको सुविधा प्राप्ति सम्बन्धी प्राथमिकता, खुल्ला पहुँच प्रयोगकर्ताका लागि दस्तुरको संरचना लगायत विषयहरु समेटिएका छन्।

ञ) **आयोगका कर्मचारीको पदपूर्ति:** स्थापनाको ५ वर्ष बितिसक्दा पनि आयोगले आफ्नै कर्मचारीको नियुक्ति गर्न नसकेको दुरावस्था सर्वविदितै छ। यद्यपी, आयोगमा म अध्यक्ष सहितको पदाधिकारीहरुको नियुक्ति पश्चात नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय र लोकसेवा आयोगसंगको पटक पटकको वार्ता तथा संवाद पछि विद्युत नियमन आयोगको कर्मचारी प्रशासनसम्बन्धी विनियमावली स्वीकृत भई कर्मचारी पदपूर्तिको बाटो खुलेको छ। यसै सम्बन्धमा, लोकसेवा आयोगको सहकार्यमा मिति २०८२/१/१२ मा आयोगले तेह्र (१३) जना कर्मचारी पदपूर्तिको लागि सूचना जारी गरेको छ। यसै संगै विद्युत नियमन आयोगलाई संस्थागत सुदृढीकरण गर्नेतर्फ अर्को महत्वपूर्ण कदम अगाडि बढेको छ।

## २. विद्यमान अवस्था:

समग्रमा, आयोगद्वारा गत आर्थिक वर्षमा मात्रै पाँच (५) वटा नियामकीय उपकरण दुई (२) वटा अवधारणा/छलफल पत्र तथा १ वटा उपभोक्ता महसुल निर्धारणको पुनरावलोकनलगायत कार्य गर्न सफल रहयो। नयाँ नेतृत्वले दीर्घकालीन रणनीति तय गर्दै पाँच वर्षीय मार्गचित्रमार्फत नियामक दृष्टिकोण स्पष्ट पारेको छ। कर्मचारी नियुक्तिका लागि विधिसम्मत आधार तयार भई आयोगको संस्थागत स्वायत्तता र दक्षताको अभिवृद्धि भइरहेको छ। कर्मचारीको पदपूर्तिको लागि सूचना जारी भए संगै संस्थागत निर्माणमा ठोस कदम चालिएको छ। उपभोक्ता विद्युत महसुल निर्धारण निर्देशिका

सहित विभिन्न नियामकीय उपकरणहरुको पुनरावलोकन गर्ने कार्यको सुरुवात भएको छ। आयोगले जारी गरेका छलफलपत्रले नियामकीय पारदर्शिता, सरोकारवालासँगको संवाद, र नीति निर्माणमा जन-सहभागीता हुनुपर्ने दृष्टिकोणलाई प्रबर्द्धन गरेको छ। आयोगबाट हुने काम कारबाहीलाई छिटो छरितो तथा सरल र प्रविधि मैत्री बनाउन विद्युतीय प्रणाली उपयोग ल्याइएको सर्वविदितै छ। आयोगद्वारा आर्थिक वर्ष २०८१/८२ मा नियामकीय सुधार, रणनीतिक पुनर्संरचना, र संस्थागत स्थायित्वको दिशामा महत्वपूर्ण कदम चालेको छ। हालसम्म नीति, प्रशासन, प्रविधि र उपभोक्ता सरोकार सबैमा उल्लेखनीय प्रगति देखिएको छ।

## ३. आयोगले सामना गर्नु परेका चुनौती तथा सिकाईः

आ.व. २०८१/८२ विद्युत नियमन आयोगले नीति निर्माणदेखि सेवा प्रवाह, संस्थागत सुदृढीकरण, नियामकीय उपकरणको तर्जुमा तथा उपभोक्ता-सरोकारवाला समन्वयका क्रममा विभिन्न चुनौतीहरू भोग्नु पर्ने अवस्था रहयो। आयोगद्वारा सामना गर्नुपरेका चुनौती निम्नबमोजिम विश्लेषण गर्न सकिन्छः

क) **कर्मचारीको अभाव तथा संस्थागत कमजोरीः** आयोगले हालसम्म सम्पूर्ण काम कारबाही नेपाल सरकारमार्फत खटाइएका कर्मचारीबाट संचालन गरी रहेको छ भने हालैमात्र आयोगका स्थायी कर्मचारीको भर्ना प्रक्रिया सुरुवात भएको छ। यसले गर्दा, नेपाल सरकारबाट खटाइएका कर्मचारीको पटक पटक सरुवा र आगामी दिनमा विद्यमान कर्मचारी पुनः नेपाल सरकारको सम्बन्धित मन्त्रालय/निकायमा फिर्ता हुने हुँदा स्थायीरुपमा संस्थागत स्मृति (Institutional Memory) तथा ज्ञान हस्तान्तरण (Knowledge Transfer) को अभाव हुने देखिन्छ। उक्त समस्या समाधान गर्न आगामी आ.व.२०८२/८३ मा विद्यमान कर्मचारीको सरुवा हुनुपूर्व नयाँ नियुक्त हुने कर्मचारीलाई विभिन्न अभिमुखीकरण तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्न वान्छनीय देखिएको छ। त्यसैगरी आयोगको आफ्नै कार्यालय वा भवनको स्थायी व्यवस्थापन समेत गरिने छ।

ख) **विद्युतीय प्रणालीको अभावः** गत आर्थिक वर्षमा आयोगको नियमित कामकारबाही भौतिक रुपमा गर्नुपर्ने हुँदा सेवाग्राहीलाई सास्ती तथा आयोग निर्णय प्रक्रियामा बढी समय लाग्ने अवस्था आएको थियो। यस सम्बन्धमा सेवाग्राहीबाट आएको व्यापक गुनासोको समाधानका लागि आयोगले कागजरहित नियमनको अवधारणा अन्तर्गत Document Management System

विद्युतीय प्रणाली संचालनमा ल्याएको छ। आगामी आ.व.मा यसको थप क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ।

ग) **उपभोक्ताको गुनासो सुनुवाई संयन्त्रको अभावः** विगतमा विद्युत प्रणालीमा भइरहेको विद्युत कटौती तथा बन्देजका कारण उपभोक्ता पर्न गएको असरका सम्बन्धमा अध्ययनको अभाव हुन गएको छ। आयोगले विद्युत उपभोक्ता हित संरक्षणसम्बन्धी निर्देशिका, २०८० जारी गरिए तापनि त्यसको प्रभावकारी कार्यान्वयन गर्न सकिएन। तसर्थ, आगामी आ.व.२०८२/८३ मा उपभोक्तालाई गुनासो सम्बोधन गर्ने हेतु उपयुक्त र सशक्त सुनुवाई संयन्त्रको स्थापना गर्न आवश्यक अध्ययन अगाडि बढाइने छ।

घ) **नियामकीय उपकरणको प्रभावकारी कार्यान्वयनमा कमजोरीः** आयोगद्वारा हालसम्म विद्युत ग्रिड संहिता, उपभोक्ता हित संरक्षण निर्देशिका लगायतका नियामकीय उपकरणहरु जारी भए तापनि त्यसको कार्यान्वयन पाटो फितलो रहेको छ। परिणामस्वरूप, यसले आयोगको नियामकीय भूमिका संकुचित र कमजोर हुँदै गएको छ। अब उपरान्त यसो हुन नदिन आयोगले नियामकीय उपकरणको कार्यान्वयनको पाटोलाई स्पष्ट र व्यवस्थित गर्दै लैजान नीतिगत व्यवस्था गर्नुका साथै समयानुकुल पुनरावलोकन समेत गरिनेछ।

ङ) **विद्युत आयोजनाको लागत मूल्यांकन तथा प्रगति मापन सम्बन्धी स्पष्ट खाकाको अभावः** आयोगद्वारा प्रदान गरिने सेवाहरु जस्तैः विद्युत खरिद बिक्री दर निर्धारण तथा सार्वजनिक शेयर निष्कासन लगायतको व्यवस्था विभिन्न नियामकीय उपकरणहरुमा उल्लेख भएको पाइन्छ। यद्यपि, आयोजनाको प्राविधिक तथा वित्तीय जोखिम र प्रगति मापन गर्ने स्पष्ट खाकाको अभाव देखिएको छ। यसले गर्दा आयोजनाको वास्तविक प्रगती तथा वित्तीय र प्राविधिक अवस्थाका सम्बन्धमा अन्योलता रहेको पाइयो। यसै समस्यालाई सम्बोधन गर्न आयोगद्वारा आ.व.२०८२/८३ मा आयोजनाको लागत निर्धारण तथा प्रगति मापनका निमित्त अध्ययन तथा नियामकीय व्यवस्था मिलाइने छ।

## आयोगको वार्षिक योजना तथा कार्यक्रमको आधार तथा उद्देश्य

आगामी आर्थिक वर्ष २०८२/८३ मा विद्युत बजारको व्यवसायिक नियमन, विद्युत बजारमा प्रतिस्पर्धा प्रबर्द्धन गर्ने, विद्युत उपभोक्ताको हक हित संरक्षण गर्न, न्यायोचित विद्युत महसुल निर्धारण गर्ने, लगानीकर्ताको हकहित प्रबर्द्धन गर्न तथा व्यवस्थित गराउन, आयोगमा आउने विवाद वा उजुरीको समयानुकूल सम्बोधन र आयोगबाट हुने सेवा प्रवाहलाई पारदर्शी, स्वच्छ, प्रविधिमैत्री तथा प्रभावकारी बनाउने नीति आयोगले लिएको छ। विद्युत नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेको जिम्मेवारी तथा दायित्वको अधीनमा रही विद्युत क्षेत्रको विकास, नियामकीय व्यवस्थाको विस्तार तथा सुधारका सम्बन्धमा आगामी आर्थिक वर्ष २०८२/८३ मा गरिने नियामकीय तथा संस्थागत योजना तथा कार्यक्रमहरु तपशिलबमोजिम निर्धारण गरिएको छ।

**क) वार्षिक योजना तथा कार्यक्रमका आधारहरुः**

आयोगद्वारा आ.व. २०८२/८३ का योजना तथा कार्यक्रम देहायबमोजिमका आधारमा तयार गरेको छः

१. नेपालको संविधानको धारा ५१ को खण्ड (छ) को उपखण्ड (३) (राज्यका नीति तथा निर्देशक सिद्धान्त)

२. विद्युत नियमन आयोग ऐन, २०७४

३. नेपाल सरकारको ऊर्जा विकास मार्गचित्र, २०८१

४. नेपाल सरकारको सोह्रौं पञ्च-वर्षीय योजना

५. नेपाल सरकारको आ.व.२०८२/८३ का लागि घोषण भएका नीति तथा कार्यक्रमहरु

६. नेपाल सरकार उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको विद्युत नियमन सम्बन्धी व्यवस्था

७. विद्युत सुधार तथा नियमनका सम्बन्धमा विभिन्न संसदीय समितिहरुको निर्णय/निर्देशन

८. विद्युत नियमन आयोगको पञ्च-वर्षीय मार्गचित्रमा समावेश भएका रणनीतिक उद्देश्य तथा कार्ययोजना

९. विद्युत नियमनका सम्बन्धमा प्रचलित उत्कृष्ट अन्तराष्ट्रिय अभ्यासहरु

**ख) नियामकीय आधार (सैद्धान्तिक आधार):**

आयोगद्वारा आगामी आ.व. २०८२/८३ मा संचालन गरिने योजना तथा कार्यक्रमहरु निम्नबमोजिमका पाँच मार्गनिर्देशक सिद्धान्तहरु पारदर्शिता, निष्पक्षता, जवाफदेहिता, अग्रसक्रियता र प्रतिक्रियाशीलतामा आधारित रहेर कार्यान्वयन गरिने छ।

१. **पारदर्शिताः** आयोगद्वारा सूचना तथा सञ्चार प्रविधिको कार्यान्वयन, आवधिक खुलासा, सरोकारवालासँग निरन्तर परामर्श तथा आयोगका गतिविधिसम्बन्धी सूचनामा सहज पहुँचको माध्यमबाट आफ्ना दैनिक क्रियाकलापमा पारदर्शिता अपनाउनेछ।

२. **निष्पक्षताः** आयोगले पूर्वाग्रह रहित तथा प्रमाणमा आधारित न्यायोचित निर्णय गर्नुका साथै सम्पूर्ण सरोकारवालाहरुको लागि समान खेल मैदान सिर्जना गर्न प्रयत्न गरी आफ्नो निष्पक्षता प्रदर्शन गर्नेछ।

३. **उत्तरदायित्वः** आयोगद्वारा स्पष्ट नियामक उपकरणहरू जारी गरी सशक्त कार्यान्वयन गर्नुका साथै उपभोक्ता हितलाई दिगो रूपमा सुनिश्चित गर्ने नियामक अभ्यासहरू स्थापित गरी जवाफदेहीता कायम गरिनेछ।

४. **अग्रसक्रियताः** आयोगले आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयहरुमा व्यवस्थित तथा अग्रिम रुपमा अनुसन्धान तथा खोज गराउँदै भविष्यमा गरिने निर्णय प्रक्रियालाई सघाउ पुर्याई अग्रसक्रियता देखाउनेछ।

५. **प्रतिक्रियाशीलताः** आयोगद्वारा विद्युत क्षेत्रका सम्भावित समस्याहरु तथा उब्जिंदै गरेका आवश्यकताहरुको पहिचान गर्न समयानुकुल र उपयुक्त प्रयास गर्दै तिनको सम्बोधन गर्न आवश्यक उपकरण तर्जुमा गरी कार्यन्वयन गर्दै आफ्नो प्रतिक्रियाशिलाताको परिचय दिनेछ।

**ग) आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताः**

आगामी आ.व.२०८२/८३ मा आयोगद्वारा तय गरिने योजना तथा कार्यक्रमहरु को उद्देश्य तथा लक्ष्य निम्नबमोजिम हुनेछन्।

१. **नियामकिय व्यवस्थाको विस्तार तथा सबलीकरणः** नियामकीय व्यवस्थाको विस्तार तथा सशक्तीकरण गर्ने नीति अन्तर्गत आयोगद्वारा आगामी आ.व.२०८२/८३ तपशिलबमोजिम कार्य गरिने छ।

**क)** विद्युतको उत्पादन, प्रसारण, वितरण र व्यापारका सम्बन्धमा सुधार तथा प्राविधिक व्यवस्थापन गर्ने

**ख)** उपभोक्ता विद्युत महसुलको न्यायोचित निर्धारण तथा विद्युत खरिद बिक्री दरको निर्धारण गर्ने

**ग)** विद्युत क्षेत्रमा प्रतिस्पर्धा कायम गर्ने तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक उपाय पहिचान गरी कार्यान्वयन गर्ने गराउने

**घ)** आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको सङ्गठनात्मक क्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गराउने व्यवस्था गर्ने,

**ङ)** विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन गर्नु पर्ने नीतिगत सुधारका सम्बन्धमा आयोगले नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने,

**च)** विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापारका सम्वन्धमा उत्पन्न हुने विवाद समाधान गर्ने,

**छ)** कुनै विषय पालना नगर्ने वा पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गर्ने वा गराउने अनुमतिपत्र प्राप्त व्यक्तिलाई जरिबाना गर्ने आधार तथा प्रक्रिया निर्धारण गर्ने ।

## २. संस्थागत सुदृढीकरणः

संस्थागत सशक्तीकरण तर्फ आयोगको आगामी वर्षको लक्ष्य तथा नीति देहायअनुरुप हुनेछः

**क)** सेवा प्रवाहलाई अझ छरितो, प्रभावकारी र पारदर्शी बनाउन कार्यान्वयनमा ल्याइएको विद्युतीय प्रणाली "Document Management System (DMS)" मा नवीनतम प्रविधि समावेश गरी त्यसको क्षमता अभिवृद्धि गर्ने।

**ख)** मानव संसाधन विकास तथा कर्मचारी नियुक्ति प्रक्रियालाई पूर्णता दिने, आवश्यक पद सिर्जना तथा दरबन्दी अनुमोदनका लागि पहल गर्ने।

**ग)** आवश्यक जनशक्ति पदस्थापनसँगै आयोगको आफ्नै कार्यालय स्थापना गर्ने वा स्थायी भवनमा स्थानान्तरण गर्ने कार्य अघि बढाउने।

**घ)** आन्तरिक कार्य प्रणाली तथा प्रशासनिक संरचनालाई थप प्रभावकारी तथा परिणाममुखी बनाउने र सेवा प्रवाहका मापदण्डहरू विकास गर्ने।

**ङ)** आयोगको संस्थागत स्वतन्त्रता तथा नियामक हैसियतलाई थप सुदृढ पार्न नीतिगत, कानुनी तथा समन्वयात्मक पहल गर्ने।

**च)** आयोगले ऐनबाट प्रदान गरिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन, उपलब्ध स्रोतसाधन तथा कोषको किफायती उपयोग, तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीमार्फत कर्मचारी क्षमताको अभिवृद्धि गर्ने दीर्घकालीन सोचअनुरूप **रणनीतिक संस्थागत योजना (Strategic Organizational Plan)** तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**छ)** आयोगबाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई अझ सरल, समयानुकूल र सेवाग्राहीमैत्री बनाउने तथा काम कारबाहीमा एकरूपता कायम गर्ने उद्देश्यले **विस्तृत कार्यसञ्चालन विनियमावली**को खाका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

# आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम

विद्युत नियमन आयोग ऐन, २०७४ ले आयोगलाई प्रदान गरेको अधिकार तथा कर्तव्यबमोजिम आयोगले आफ्नो कार्यक्षेत्रभित्र पर्ने दायित्वहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने छ। यसै सन्दर्भमा, आयोगद्वारा लगानीमैत्री, सरल, स्पष्ट र विश्वसनीय नियामकीय व्यवस्था सुनिश्चित गर्न आवश्यक नीतिगत तथा संस्थागत पहल गरिने छ। नेपाल सरकारको नीति, लक्ष्य तथा आयोगको पाँच वर्षीय मार्गचित्रसँग सुसंगत हुने गरी आगामी **आर्थिक वर्ष २०८२/८३** मा देहायअनुसारका योजना तथा कार्यक्रम तयार गरी चरणबद्ध रुपमा कार्यान्वयन गरिने छ।

**क) प्राविधिक मामिला (Technical Affairs) :**

विद्युत नियमन आयोग ऐन, २०७४ को परिच्छेद-३ अन्तर्गत दफा १२ ले आयोगलाई विद्युतको उत्पादन, प्रसारण, वितरण तथा व्यापार सम्बन्धी कार्यहरू नियमन गर्न प्राविधिक व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ। प्राविधिक व्यवस्थापन आयोगको मूल दायित्वमध्ये एक हो, जसको उद्देश्य **विद्युत सेवा सर्वसुलभ, भरपर्दो, सुरक्षित तथा गुणस्तरीय** बनाउने रहेको छ। यसै उद्देश्यका साथ आयोगद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ मा निम्नबमोजिमका कार्यक्रमहरू कार्यान्वयन गरिनेछः

१) **नेपाल विद्युत ग्रीड संहिता, २०२३ को पुनरावलोकनः** आयोगद्वारा विगतमा जारी गरिएको नेपाल विद्युत ग्रीड संहिता, २०२३ को समसामयिक आवश्यकता, प्रविधिको विकास, र प्रणालीको व्यवहारिक कार्यान्वयनको आधारमा पुनरावलोकन गरी आवश्यक संशोधन गर्दै जाने लक्ष्य रहेको छ। यस सन्दर्भमा, ग्रीड संहिताको गहिरो अध्ययन तथा समयसापेक्ष सुधार प्रस्ताव गर्न योग्य प्राविधिक परामर्शदाता नियुक्त गर्ने प्रक्रिया आयोगद्वारा अगाडि बढाइने व्यवस्था गरिने छ।

२) **शेड्युलिंग तथा डिस्प्याच सम्बन्धी नियामकीय व्यवस्था गर्नेः** नेपालको विद्युत प्रणालीको प्रभावकारी सञ्चालन, सन्तुलित लोड व्यवस्थापन, प्रणाली सुरक्षाको सुनिश्चितता तथा प्रतिस्पर्धी बजार प्रणालीको दीर्घकालीन पूर्वाधार निर्माण गर्न आवश्यक पर्ने शेड्युलिंग तथा डिस्प्याचसम्बन्धी उपयुक्त नियामकीय उपकरण तर्जुमा गर्ने कार्य आयोगको प्राथमिकतामा रहेको छ। आयोगद्वारा शेड्युलिंग (Scheduling) तथा डिस्प्याच (Dispatch) सम्बन्धी स्पष्ट, पारदर्शी

तथा कार्यान्वयनमैत्री नियामकीय उपकरण तयार गर्न आगामी आर्थिक वर्ष २०८२/८३ मा आवश्यक अध्ययन गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

३) **वितरण संहिताको तर्जुमाः** आगामी वर्ष आयोगद्वारा विद्युत वितरण संहिता (Distribution Code) को मस्यौदा तर्जुमा गरी वितरण प्रणालीलाई प्राविधिक रूपमा व्यवस्थित, उत्तरदायी तथा उपभोक्तामैत्री बनाउने कार्य प्राथमिकताका साथ गरिनेछ। यस संहितामार्फत उपभोक्ताले गुणस्तरीय र भरपर्दो विद्युत सेवा पाउने, सेवा प्रदायकको उत्तरदायित्व स्पष्ट हुने, र नियामकीय अनुगमन प्रभावकारी बनाइने छ।

४) **विद्युत बन्द/कटौती गर्न सकिने अवस्था तथा आधार निर्धारणः** विद्युत सेवा प्रत्येक नागरिकको आधारभूत सेवा भएकाले यसलाई बन्द वा कटौती गर्नु विशिष्ट आधारमा मात्र सम्भव हुनुपर्दछ। उपभोक्ताको सेवा सुरक्षालाई मध्यनजर गर्दै, आयोगद्वारा विद्युत सेवा प्रदायकले सेवा बन्द वा कटौती गर्न सक्ने अवस्था तथा आधारहरू स्पष्ट रूपमा निर्धारण गरिनेछ। आगामी आर्थिक वर्ष २०८२/८३ मा सो सम्बन्धमा आवश्यक अध्ययन, कानुनी तथा प्राविधिक विश्लेषण, र सरोकारवाला परामर्श सहित अनुसन्धान प्रक्रिया अघि बढाइनेछ। निर्धारित आधारहरूको सशक्त कार्यान्वयन प्रणाली र अनुगमन संयन्त्र समेत विकास गरिनेछ।

५) **Reactive Power तथा Ancillary Services व्यवस्थापन सम्बन्धी नियामकीय आधार तयार गर्नेः** नेपालको विद्युत प्रणालीमा स्थिरता कायम गर्न, भरपर्दो र गुणस्तरीय बनाउन आयोगले आगामी आ.व. २०८२/८३ मा Reactive Power तथा Ancillary Services (उदाहरणका लागि Frequency Regulation, Voltage Support, Spinning Reserve, Black Start Capability) व्यवस्थापन सम्बन्धी नियामकीय संरचना तयार गर्ने कार्य अघि बढाउनेछ। यस अन्तर्गत, प्रणालीमा आवश्यक Reactive Power को आवश्यकता मूल्यांकन, त्यसको क्षतिपूर्ति सम्बन्धी वित्तीय मोडल तथा Ancillary Services को कार्यान्वयनसम्बन्धी अवधारणा पत्र वा उपयुक्त नियामकीय उपकरण तर्जुमा गरिनेछ। साथै, Nepal Grid Code को सन्दर्भमा System Operator लाई आवश्यक न्यूनतम रिजर्भ, सेवा मापन विधि, र सेवा प्रदायकको दायित्व स्पष्ट पार्ने व्यवस्था मिलाइने छ। उक्त कार्यलाई अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन र परामर्शदातामार्फत विकास साझेदारको प्राविधिक सहयोगमा अघि बढाइनेछ।

६) **खुल्ला पहुँचसम्बन्धी निर्देशिकालाई अन्तिम रुप दिनेः** विद्युत प्रणालीलाई प्रतिस्पर्धात्मक बनाउन, निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न, तथा सेवा प्रदायक छनोटमा उपभोक्तालाई विकल्प प्रदान गर्ने उद्देश्यले आयोगद्वारा खुल्ला पहुँच (Open Access) सम्बन्धी निर्देशिकाको मस्यौदा

तर्जुमा गरी सरोकारवाला तथा विषय विज्ञहरूको राय सुझावका लागि सार्वजनिक गरिएको छ। आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक अवधिमा, उक्त निर्देशिकाउपर प्राप्त सल्लाह, सुझाव तथा अन्तर्राष्ट्रिय अभ्यासको विश्लेषण समेटी निर्देशिकालाई अन्तिम रूप दिइनेछ। उक्त निर्देशिका लागू भएपश्चात नेपालको विद्युत प्रणालीमा खुल्ला पहुँचको व्यवस्था औपचारिक रूपमा प्रारम्भ हुनेछ।

७) **विद्युत खरिद बिक्री सम्झौताको ढाँचाको पुनरावलोकन गरिनेः** आयोगद्वारा हाल प्रयोगमा रहेका विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement-PPA) सम्बन्धी ढाँचाहरूको प्रणालीगत आवश्यकता तथा लगानीकर्ताको व्यवहारिक जटिलता लाई मध्यनजर गर्दै समसामयिक आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ। आगामी आर्थिक वर्ष २०८२/८३ मा PPA को संरचना, जोखिम बाँडफाँट, मूल्य निर्धारणका आधारहरू, तथा समयावधि लगायतका प्रावधानहरू अध्ययन गरी आवश्यक संशोधन प्रस्ताव गर्न सकिने व्यवस्था गरिने छ।

**ख) आर्थिक मामिला (Economic Affairs):**

आयोगले नेपाल सरकारको ऊर्जा मार्गचित्र, २०८१ तथा विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम महसुल दरमा प्रगतिशील सुधार, विद्युत खरिद बिक्री सम्झौताहरूको समयानुकूल पुनरावलोकन, तथा जलाशययुक्त जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री दर निर्धारण लगायतका आर्थिक नियमनसम्बन्धी कार्यहरूलाई प्राथमिकताका साथ कार्यान्वयनका लागि व्यवस्था मिलाइने छ। यसका अतिरिक्त, आगामी आर्थिक वर्ष २०८२/८३ मा आयोगद्वारा थोक विद्युत बजारको संभाव्यता अध्ययन सहित निम्नबमोजिमका थप कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य लिएको छ।

१) **जलाशय तथा भण्डारणयुक्त (Storage) आयोजनाको महसुल दरसम्बन्धी अध्ययन तथा निर्धारणः** विद्युत प्रणालीलाई दीर्घकालीन रुपमा विश्वासिलो, भरपर्दो, तथा आपूर्तिको सन्तुलन सुनिश्चित गर्न जलाशययुक्त, पम्प स्टोरेज, र ब्याट्री स्टोरेज जस्ता ऊर्जा भण्डारणयुक्त प्रविधिहरूको भूमिका अत्यन्तै महत्वपूर्ण हुँदै गएको छ। आयोगद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ मा यस्ता परियोजनाहरूका लागि उचित, पारदर्शी र प्रवर्द्धनमैत्री महसुल दर निर्धारण गर्न आवश्यक प्राविधिक, आर्थिक तथा नियामकीय अध्ययन अघि बढाइनेछ। त्यसका आधारमा आयोगले दर निर्धारणसम्बन्धी स्पष्ट कार्यविधि तथा मूल्य संरचना तयार गर्ने व्यवस्था गर्नेछ।

२) **थोक विद्युत बजारको संभाव्यता अध्ययनः** नेपालको विकासशील विद्युत क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउने, निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्ने, तथा दीर्घकालीन आपूर्ति सुनिश्चित गर्न थोक

विद्युत बजार (Wholesale Electricity Market) को भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। यसै सन्दर्भमा, आयोगद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ मा नेपालमा थोक विद्युत बजार विकासको सम्भाव्यता, कानुनी तथा संस्थागत पूर्वाधार, प्रविधिगत आवश्यकता, थोक विद्युत बजारका सम्भावित मोडेलहरू र चरणबद्ध कार्यान्वयन सम्बन्धमा अध्ययन तथा मूल्यांकन गरिनेछ। उक्त अध्ययनको आधारमा आयोगद्वारा दीर्घकालीन नीति मार्गचित्र वा आवश्यक नियामकीय व्यवस्था गर्ने छ।

३) **प्रसारण तथा व्हिलिंग दस्तुर निर्धारणः** खुल्ला पहुँच प्रणालीको कार्यान्वयन, थोक विद्युतको कारोबार, तथा ऊर्जा क्षेत्रमा लगानी प्रोत्साहन गर्न विद्युत प्रसारण प्रणालीको प्रयोगवापत लाग्ने प्रसारण दस्तुर (Transmission Charges) र व्हिलिंग दस्तुर (Wheeling Charges) को उचित, पारदर्शी र लागत-आधारित संरचना निर्धारण आवश्यक रहेको छ। आयोगद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ मा प्रवर्तमान लागत संरचना, प्रणाली उपयोग, अन्तर्राष्ट्रिय अभ्यास तथा Grid सेवा प्रदायक र प्रयोगकर्ताबीचको सन्तुलनलाई विचार गरी प्रसारण तथा व्हिलिंग दस्तूर निर्धारणसम्बन्धी विधि तथा दर संरचना तयार गरिनेछ।

४) **जलविद्युत आयोजनाहरुको वास्तविक उत्पादन लागत निर्धारण (Cost Benchmarking) सम्बन्धी अध्ययनः** जलविद्युत आयोजनाहरुको विद्युत खरिद बिक्रीको दर निर्धारणसम्बन्धमा उपयुक्त रणनीति तय गर्ने उद्देश्यले आयोजनाहरुको लागत निर्धारण गरी (Cost Benchmarking) सम्बन्धी अध्ययन गरिने छ।

## ग) नियामकीय तथा सुशासन मामिला (Regulatory and Governance Affairs):

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १५ बमोजिम आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको सङ्गठनात्मक क्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गर्ने गराउने जिम्मेवारी रहेको छ। यस सम्बन्धमा आयोगद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ मा अनुमतिपत्र प्राप्त व्यक्तिहरूको कार्य क्षमता मूल्यांकन गर्न आवश्यक आधार तथा शर्तहरू निर्धारण गर्ने, संगठनात्मक सुशासन प्रवर्द्धन गर्ने, तथा आचारसंहिता लागू गर्ने कार्यलगायत निम्नबमोजिम अन्य कार्यहरु अघि बढाइनेछ।

१) **अनुमतिपत्र प्राप्त व्यक्तिहरूको कार्य क्षमता मूल्यांकनका लागि आधार तथा शर्तहरूको निर्धारणः** विद्युत सेवा प्रवाहको गुणस्तर, स्थायित्व र सेवा प्रदायकको दायित्व सुनिश्चित गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरू (licensees) को प्राविधिक, व्यवस्थापकीय, वित्तीय तथा Standard of Performance को मूल्यांकन गर्न आयोगद्वारा आवश्यक मूल्यांकन आधार (evaluation criteria)

तथा अनिवार्य शर्तहरू (compliance conditions) निर्धारण गरिनेछ। आयोगले आगामी आ.व. २०८२/८३ मा निम्न उद्देश्यका लागि मूल्यांकन संरचना विकास गर्ने लक्ष्य लिएको छः

- नियामकीय अनुगमन (Compliance Inspection and Monitoring)
- सेवा गुणस्तर मापन (Standards of Service Quality)
- प्राविधिक दक्षता तथा दक्ष जनशक्ति स्थिति
- वित्तीय दीगोपन तथा परिचालन क्षमता
- गुनासो व्यवस्थापन र उपभोक्ता सन्तुष्टि, आदि।

२) **अनुमतिपत्र प्राप्त व्यक्ति तथा पदाधिकारीको आचार संहिता सम्बन्धी व्यवस्थाः** विद्युत नियमन आयोग ऐनको दफा १५ को खण्ड (ख) द्वारा अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारबाहीलाई मर्यादित, उत्तरदायी र पारदर्शी बनाउन आचारसंहिता तयार गरी लागू गर्ने सम्बन्धी व्यवस्था गरेको छ। यसै सन्दर्भमा, आयोगद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ मा व्यावसायिक आचरण (Professional Ethics), Conflict of Interest न्यूनीकरण, सेवा नैतिकता, तथा उत्तरदायित्व स्पष्ट पार्ने खालको आचारसंहिता (Code of Conduct) तर्जुमा गरी लागू गरिनेछ । उक्त आचारसंहिताद्वारा अनुमतिपत्र प्राप्त संस्थाहरूको संस्थागत सुशासन, नियामकीय अनुपालना, र सेवा गुणस्तरमा सुधार हुने छ। आगामी आ.व.२०८२/८३ मा उल्लेखित कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयनका निमित्त निम्न बमोजिम कार्य गरिने छः

- विद्युत अनुमतिपत्र प्राप्त व्यक्तिले अनिवार्य रुपमा बुझाउनु पर्ने गरी Regulatory Long Firm Audit Report ढाँचा तयार गर्ने,
- ऐ. ऐनको दफा १५ खण्ड (घ) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको आन्तरिक नियन्त्रण, लेखा प्रणाली (Regulatory Accounting Standard), लेखापरीक्षण विधिमा एकरूपता कायम गर्न मापदण्ड बनाई लागू गर्ने । यस सम्बन्धी आवश्यक पर्ने नियामकीय उपकरण तर्जुमा तथा ढाँचा निर्माण गरी कार्यान्वयन ल्याइने छ,
- विद्युत अनुमतिपत्र प्राप्त व्यक्तिले आर्थिक वर्षको अन्त्यमा पेश गर्नु पर्ने प्राविधिक तथा वित्तीय प्रतिवेदनमा समयानुकुल पुनरावलोकन गर्ने तथा ढाँचा तर्जुमा गरी लागु गरी कार्यान्वयनमा ल्याइने छ,
- संगठनात्मक सुशासन कायम गर्न गराउन मापदण्ड, निर्देशिका वा अन्य उपयुक्त नियामकीय व्यवस्था गरी कार्यान्वयनमा गर्ने गराउने,

- विद्युत अनुमतिपत्रप्राप्त व्यक्ति तथा विद्युत सेवा प्रदायकले अनिवार्य रुपमा गुनासो सुन्ने अधिकारी र कानूनी तथा नियामकीय मामिला हेर्ने अधिकारी राख्नु पर्ने व्यवस्था गरिने छ, तथा
- विद्युत अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने नियामकीय व्यवस्थाको पालना नगरेमा दण्ड तथा जरिवानाको व्यवस्था गरी स्पष्ट, निष्पक्ष तथा कार्यान्वयनयोग्य बनाइने छ।

३) **स्वतन्त्र तेस्रो पक्ष वा परामर्शदाताबाट विद्युत आयोजनाको प्रगतिका सम्बन्धमा नियामकीय मूल्याङ्कन (Regulatory Audit) गर्ने व्यवस्था मिलाउनेः** विद्युत आयोजनाहरूले निर्माण अवधिमा गरेको प्रगतिको यथार्थ मूल्याङ्कनका निमित्त आयोगद्वारा आगामी वर्षदेखि स्वतन्त्र तेस्रो पक्ष (Independent Third Party) वा योग्य परामर्शदाताबाट प्रगति प्रमाणीकरण (Progress Verification) गर्ने/गराउने व्यवस्था मिलाइने छ। यसअन्तर्गत आयोजनाको स्थलगत निरीक्षण, निर्माण कार्यको गुणस्तर, अनुमतिपत्रका सर्तहरूको पालना, र समयसीमा अनुरूप प्रगति भए/नभएको यकिन गर्न सहयोग पुग्नेछ। यस प्रकारको मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा आयोगले आवश्यक नियामकीय हस्तक्षेप, निर्देशन वा कारबाही गर्ने प्रणालीको पनि विकास गरिनेछ। यस किसिमको नियामकीय व्यवस्थाले आयोजना निगरानीमा पारदर्शिता र विश्वसनीयता वृद्धि गर्नुका साथै नियामकीय निर्णय (Regulatory Decision) लाई प्रमाण-आधारित (Evidence Based) बनाउन सहयोग पुऱ्याउने छ।

४) **दक्षिण एसियाली पूर्वाधार नियमन मञ्च (SAFIR) को सदस्यता लिनेः** क्षेत्रीय नियामक अनुभव आदान-प्रदान, क्षमता अभिवृद्धि, तथा पूर्वाधार नियमनसम्बन्धी अन्तरदेशीय समन्वय सुदृढ गर्न विद्युत नियमन आयोगद्वारा दक्षिण एसियाली पूर्वाधार नियमन मञ्च (South Asia Forum for Infrastructure Regulation - SAFIR) को सदस्यता ग्रहण गर्ने प्रक्रियालाई आधिकारिक रुपमा अगाडि बढाइनेछ। यस सदस्यता मार्फत आयोगले क्षेत्रीय नीति संवाद, उत्कृष्ट अन्तराष्ट्रिय अभ्यासको अध्ययन, अनुसन्धानमा सहभागिता, तथा नैतिक र संस्थागत सुदृढीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्नेछ।

५) **विद्यमान विनियम, निर्देशिकालगायतका नियामकीय उपकरणहरुको पुनरावलोकनः** आयोगद्वारा हालसम्म जारी भएका विनियम, निर्देशिका तथा अन्य नियामकीय उपकरणहरूलाई समसामयिक आवश्यकता, व्यवहारिक कार्यान्वयन अवस्था र यथार्थपरक हुने गरी पुनरावलोकन गरिनेछ। आगामी आर्थिक वर्ष २०८२/८३ मा पुनरावलोकन प्रक्रिया अन्तर्गत नवीन प्रविधिको प्रयोग,

नियामकीय सरलीकरण, निजी क्षेत्रको सहभागिता, तथा उपभोक्ता हित संरक्षणलाई प्राथमिकता दिइनेछ। साथै, सरोकारवालासंग परामर्श, विषय विज्ञको सुझाव, तथा अन्तर्राष्ट्रिय नियामकीय अभ्यासको तुलनात्मक अध्ययन समेत समेटिने छ। आवश्यकता बमोजिम राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय उत्कृष्ट अभ्यासहरुको अनुभव भएका दक्ष तथा विज्ञको परामर्श लिन सकिने व्यवस्था गरिने छ।

६) **नियामकीय निरीक्षण तथा अनुगमन (Compliance Inspection and Monitoring):** विद्युत नियमन आयोगले अनुमतिपत्र प्राप्त व्यक्ति तथा संस्था/कम्पनीहरूले प्रचलित ऐन, नियम, विनियम, निर्देशिका तथा अनुमतिपत्रका सर्तहरू पालना गरे वा नगरेको भन्ने विषयमा नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था सशक्त रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ। आगामी आ.व. २०८२/८३ मा आयोगले विभिन्न विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारमा संलग्न संस्थाहरूको कार्यसम्पादन मूल्यांकन, अनुपालना (Compliance) अवस्थाको निरीक्षण, तथा आवश्यक भएमा सुधारको लागि निर्देशन दिने प्रक्रिया अघि बढाउनेछ। यस सम्बन्धमा निरीक्षण तथा अनुगमन टोली गठन, निरीक्षण तालिका निर्माण, तथा अनुगमनको निष्कर्षको आधारमा नियामकीय कारबाही वा मार्गदर्शनको स्पष्ट कार्यविधि अपनाइनेछ।

७) **विद्युतसम्बन्धी उच्चस्तरीय समन्वय समिति तथा नियामकीय समन्वय समितिको गठनः** नियामक निकायले सरकार, लगानीकर्ता र सरोकारवालाबीच सन्तुलन र सेतुको भूमिका निर्वाह गर्ने भएकाले विद्युत नियमन आयोगले सम्बन्धित निकायहरूसँग निरन्तर संवाद, समन्वय र सहकार्यलाई संस्थागत बनाउनु आवश्यक छ। यस उद्देश्यका साथ **"विद्युतसम्बन्धी उच्चस्तरीय समन्वय समिति"** गठनका लागि पहल गरिनेछ। यस संयन्त्र मार्फत नेपाल सरकारद्वारा स्वीकृत ऊर्जा विकास मार्गचित्रमा तय गरिएका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण र विद्युत नियमन आयोगबीच नीतिगत समन्वय र कार्यगत सहकार्यलाई अझ मजबुत बनाइनेछ। त्यसैगरी, विभिन्न नियामक निकायबाट हुने काम कारबाहीमा दोहोरोपन हटाउन तथा सूचना आदान प्रदानलाई सुदृढ बनाउनका निमित्त नेपाल राष्ट्र बैंक, बिमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, विद्युत विकास विभाग तथा कम्पनी रजिष्ट्रारलगायत नियामक निकायको सहभागिता रहने गरी नियामकीय समन्वय समितिको गठनका लागि पहल गरिनेछ।

८) **संगठनात्मक सुशासनसम्बन्धी व्यवस्था गर्नेः** विद्युत अनुमतिपत्रप्राप्त व्यक्तिको काम कारबाहीलाई मर्यादित बनाई सुशासन कायम गराउन, सेवा प्रदायकको मूल्यांकन स्तर तथा

आधार निर्धारण र अनुपालनासम्बन्धी उपयुक्त नियामकीय व्यवस्था मिलाउन आवश्यक देखिएको छ। यस सम्बन्धमा, अनुमतिप्राप्त व्यक्ति संस्थागत सुशासनसम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था गरिनेछ।

**घ) उपभोक्ता संरक्षण मामिला (Consumer Protection Affairs):**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १५ बमोजिम उपभोक्ताको हित संरक्षण तथा प्रतिस्पर्धात्मक विद्युत बजार प्रवर्द्धन गर्नु आयोगको प्रमुख दायित्व हो। यसै सन्दर्भमा उपभोक्ताका गुनासोको न्यायोचित, निष्पक्ष र समयानुकुल सम्बोधन गर्न तथा उपभोक्ता हित सुनिश्चित गर्न आयोगले आवश्यक उपायहरू पहिचान गरी कार्यान्वयन गर्नेछ। आयोगद्वारा यस उद्देश्यका लागि निम्न कार्यहरू अघि बढाइने छः

१) **उपभोक्ताको गुनासो सुन्ने तथा समाधान गर्ने तीन तहको संयन्त्र विकास गरिनेः** उपभोक्ताको गुनासो तथा सेवासम्बन्धी समस्या समाधान गर्न विद्युत नियमन आयोगले आगामी आ.व. २०८२/८३ मा तीन तहमा आधारित गुनासो सुनुवाई संयन्त्र विकास गर्ने लक्ष्य लिएको छ। पहिलो तहमा, उपभोक्ताको गुनासाहरु पहिलो सम्पर्क विन्दु (First Contact Point) का रूपमा विद्युत सेवा प्रदायक (utility) ले कार्य गर्नेछ । यसरी, सामान्य तथा तत्कालीन गुनासोलाई सेवा केन्द्रमै समाधान हुने देखिन्छ। दोश्रो तहमा, सेवा प्रदायकबाट सन्तोषजनक समाधान प्राप्त नभएका वा कुनै जटिल प्रकृतिका गुनासोहरू **उपभोक्ता गुनासो समाधान मंच (Consumer Grievance Redressal Forum)** मा प्रस्तुत हुनेछन्। त्यसैगरी, तेस्रो तहमा समाधान नभएका मुद्दाहरू विद्युत नियमन आयोगमार्फत औपचारिक **विवाद समाधान प्रक्रिया (Dispute Resolution at ERC)** मा प्रवेश गराई अन्तिम टुंगो लगाइनेछ। प्रत्येक तहमा तोकिएको समयसीमा भित्र गुनासोको टुंगो लगाउने स्पष्ट प्रक्रिया र जिम्मेवारी निर्धारण गरिनेछ।

२) **विद्युत उपभोक्ता संरक्षण मञ्च (Electricity Consumer Protection Forum) गठन गरिनेः** विद्युत उपभोक्ताको हकहित संरक्षण, गुनासो सम्बोधन र सशक्त जनसहभागिता सुनिश्चित गर्न आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ मा "विद्युत उपभोक्ता संरक्षण मञ्च" गठन गर्ने योजना बनाएको छ। यस मञ्चले उपभोक्ताहरू, उपभोक्ता अधिकारकर्मी, सरोकारवाला संघसंस्थाहरू, तथा विज्ञहरूको प्रतिनिधित्व रहने गरी संरचित संवाद र सुझाव आदानप्रदानको थलो को रूपमा कार्य गर्नेछ।

३) **उपभोक्ताको वकालत प्रवर्द्धन तथा उपभोक्ता सञ्चार रणनीति तयार गर्नेः** विद्युत उपभोक्ताको हकहित संरक्षणमा सशक्त भूमिका खेल्न र नियामकीय प्रक्रियामा उपभोक्ताको प्रभावकारी

सहभागिता सुनिश्चित गर्न आयोगले उपभोक्ताको वकालत (consumer advocacy) प्रवर्द्धन गर्ने नीति लिएको छ। यसका लागि आयोगले एकीकृत तथा समावेशी सञ्चार रणनीति (Public Communication Strategy) तयार गरी उपभोक्तालाई अधिकार, दायित्व, सेवा गुणस्तर, गुनासो सम्बोधन प्रक्रिया, तथा नियामकीय निर्णयहरूको बारेमा जानकारी प्रदान गर्ने छ। साथै, उपभोक्ता सचेतना अभिवृद्धिका लागि सूचना शिक्षण कार्यक्रमहरू, परामर्श सत्र, र जनसहभागिता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यसले उपभोक्तालाई सशक्त र सुसूचित बनाउनुका साथै, नियामकीय निर्णयहरू उपभोक्तामैत्री, पारदर्शी र विश्वसनीय बनाउने आधार तय गर्नेछ।

४) **आयोग भित्रै उपभोक्ता गुनासो सम्बोधनका लागि छुट्टै इकाई स्थापना गर्ने:** विद्युत उपभोक्ताको सेवा सम्बन्धी गुनासोहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न आयोगले विशेष गुनासो सम्बोधन इकाई (Complaint Hearing Unit) स्थापना गर्नेछ। यो इकाईले गुनासो दर्तादेखि समाधानसम्मको प्रक्रिया नियमनपूर्वक सञ्चालन गरी उपभोक्तामा पारदर्शी र उत्तरदायी नियमनप्रति जनविश्वास बढाउने छ।

५) **गुनासो दर्ता, प्रक्रिया र समाधानका लागि विद्युतीय प्रणालीमार्फत सेवा प्रवाहको व्यवस्था:** आधुनिक र उपभोक्तामैत्री नियमन सुनिश्चित गर्न आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ मा उपभोक्ताको गुनासो दर्ता देखि समाधानसम्मको सम्पूर्ण प्रक्रिया विद्युतीय प्रणालीमार्फत (Digital Platform) सञ्चालन गर्ने व्यवस्था मिलाउने लक्ष्य लिएको छ। यस प्रणाली मार्फत उपभोक्ताले घरमै बसेर मोबाइल वा कम्प्युटरमार्फत आफ्नो गुनासो आयोगमा सहजै दर्ता (Complaint Registration) गर्न, गुनासोको अवस्था (Status of the Complaint) बारे जानकारी प्राप्त गर्न र समाधानको प्रगति ट्र्याक गर्न सक्ने लगायतका सुविधा प्रदान गरिने छ।

६) **सार्वजनिक सुनुवाई प्रादेशिक स्तरमा संचालन गर्न उपयुक्त व्यवस्था गर्ने:** उपभोक्ता, सरोकारवालाहरू र स्थानीय तहका जनप्रतिनिधिहरूलाई नियामकीय निर्णयहरू (Participation in Regulatory Decision Making) मा सहभागी गराउन आयोगले आगामी आर्थिक वर्षमा **प्रादेशिक स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रमहरू सञ्चालन गर्ने** छ।

७) आयोगका गतिविधिहरु प्रिन्ट, विद्युतीय तथा सामाजिक सञ्जाल प्रयोग गरी उपभोक्तामाझ सूचना प्रवाह सुनिश्चित गर्ने।

## आ.व. २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रमको कोष तथा श्रोत

विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ बमोजिम प्रावधानबमोजिम आयोगको कोषमा निम्न शीर्षकबाट प्राप्त रकम रहन सक्ने व्यवस्था गरिएको छ:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघसंस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,

(घ) विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

(ङ) विद्युत व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत व्यापारबाट गरेको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

(च) राष्ट्रिय ग्रिड प्रयोग गरी विद्युत निकासी गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ्ग चार्ज) को एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

(छ) ऐनको दफा २० बमोजिम प्राप्त सेवा शुल्क,

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

आयोगले उक्त कोषमा जम्मा भएको रकमबाट सम्पूर्ण खर्च व्यहोर्ने गरेको छ। आयोगको आफ्नै स्रोतबाट सम्पूर्ण खर्च व्यहोरिएको सन्दर्भमा आयोग आर्थिक रुपले आत्मनिर्भर भएको छ। त्यसैगरी, आ.व. २०७७/०७८ देखि आयोगमा नेपाल सरकारबाट बजेट विनियोजन गर्नुपर्ने अवस्था रहेको छैन। विभिन्न नियामकीय शुल्क, अन्य दस्तूर मार्फतको आम्दानी र चालु आ.व. २०८१/८२ को अन्तिम सम्ममा आयोगको संचित कोषमा रु.१०,०७,००,०००/- (अक्षरुपी दश करोड सात लाखमात्र) बाँकी रहेको अवस्था छ। त्यसैगरी, आगामी आ.व. २०८२/८३ का लागि आयोगको अनुमानित कुल बजेट रु.२१,७३,९९,३४१/- (अक्षरुपी एक्काइस करोड त्रिहत्तर लाख उनान्सय हजार तीन सय एकचालीस रुपैयाँमात्र) निर्धारण गरिएकोमा,

- पुँजीगत खर्चतर्फ अनुमानित रु.४,२३,००,०००/- (अक्षरुपी चार करोड तेइस लाखमात्र), र
- चालुतर्फ अनुमानित रु. १७,५०,९९,३४१/- (अक्षरुपी सोह्र करोड अठहत्तर लाखमात्र) खर्च हुने प्रक्षेपण गरिएको छ।

आयोगको आ.व. २०८२/८३ को विस्तृत बजेट विवरण **अनुसूची-१** मा संलग्न गरिएको छ।

सविकमा विद्युत नियमन आयोगले विद्यमान रहेको कोषको सदुपयोग गर्न असमर्थ हुँदा समयमा आवश्यक नियामकीय उपकरण तर्जुमा ढिलाई र कार्यान्वयन फितलो हुन गई परिणामस्वरुप आयोगको नियमनकारी भूमिका तथा निर्देशनको अनुपालाना कमजोर भएको देखिन्छ। यसै सन्दर्भमा, आगामी आ.व. २०८२/८३ का लागि तय गरिएका रणनीतिक योजना तथा कार्यक्रमहरूलाई व्यवहारमा रूपान्तरण गरी यस योजना तथा कार्यक्रममा निर्धारित लक्ष्य प्राप्त गर्न तपसिलबमोजिम कार्यान्वयन योजना तयार पारिएको छ। यस दस्तावेजमा उल्लेख भएका योजना तथा कार्यक्रम निम्नबमोजिमका तहमा वर्गीकरण गरी कार्यान्वयन गरिने छ :

- **आयोगको आन्तरिक स्रोत, र**
- **विकास साझेदारको सहयोगमा ।**

## १. आन्तरिक स्रोतबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको विवरणः

**उद्देश्यः** आयोगले आ.व.२०८२/८३ का लागि तय गरेका कार्यक्रम तथा योजनाको प्रभावकारी कार्यान्वयनका लागि आर्थिक, वित्तीय तथा मानवीय स्रोतको अत्यन्तै आवश्यकता हुन जान्छ। यसै सम्बन्धमा, आयोगका आफ्नै कर्मचारी, प्राविधिक, वित्तीय, कानूनी तथा प्रशासनिक स्रोतको समुचित प्रयोग गरी लागु गरिने योजना तथा कार्यक्रम कार्यान्वयन विवरण। विशेष गरी, आयोगको नियामकीय दायित्व निर्वाह गर्ने तथा अधिकार प्रयोग गर्ने सम्बन्धी विषयहरुमा चालिनुपर्ने गतिविधिहरु कार्यान्वयन गर्न आयोगले आफ्नै स्रोत प्रयोग गर्नेछ।

| क्र. स. | कार्यक्रम तथा योजना | कार्यान्वयन अवधि | आवश्यक स्रोत | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| १. | Regulatory Long Firm Audit Report (नियामकीय संस्थागत लेखापरीक्षण प्रतिवेदन) तथा नियामकीय लेखा प्रणालीको ढाँचा | आ.व. २०८२/८३ | वित्त तथा लेखा विश्लेषक, कानून विश्लेषक | ढाँचा स्वीकृत तथा कार्यान्वयन |
| २. | आवश्यक नियामकीय उपकरणको तर्जुमा तथा पुनरावलोकन | | प्राविधिक, वित्त तथा कानून विश्लेषक | नियामकीय उपकरण जारी तथा नियमित पुनरावलोकन |
| ३. | वार्षिक (प्राविधिक तथा वित्तीय) प्रतिवेदन ढाँचा पुनरावलोकन | | प्राविधिक, वित्त तथा कानून विश्लेषक | नयाँ ढाँचा तथा प्रतिवेदन |
| ४. | नेपाल विद्युत ग्रिड संहिताको पुनरावलोकन | | प्राविधिक अध्ययन टोलीको गठन, कानूनी विश्लेषक | परामर्शदाता छनौट भई कानूनसम्मत ग्रिड संहिता जारी हुने |

| | | | | |
|---|---|---|---|---|
| ५. | आयोगको कार्य संचालन तथा आन्तरिक नियन्त्रण मापदण्डको तर्जुमा | | कानून विश्लेषक, प्रशासन तथा नीति विश्लेषक | मापदण्ड/ निर्देशिका जारी तथा कार्यान्वयन |
| ६. | आयोगको वेबसाइट तथा विद्युतीय प्रणालीको क्षमता अभिवृद्धि | | सूचना प्रविधि विज्ञ | प्रणाली तथा सेवा प्रवाहमा सुधार |
| ७. | कार्यालय स्थापना वा स्थायी भवनमा स्थानान्तरण | | विभिन्न सरकरी संयन्त्रसंग सहकार्य | आयोगको स्थायी कार्यालय स्थापना वा भवन हुने |
| ८. | जनशक्ति पदस्थापन तथा क्षमता अभिवृद्धि | | आयोग | Orientation तथा नयाँ कर्मचारीको क्षमता अभिवृद्धि |
| ९. | संस्थागत स्वतन्त्रता तथा नियामक हैसियतलाई थप सुदृढ पार्न नीतिगत, कानुनी तथा समन्वयात्मक पहल गर्ने | | आयोग | स्वशासित आयोगको functional autonomy कायम हुने |
| १०. | विद्युतको थोक बजारको संभाव्यता अध्ययन | | प्राविधिक, वित्त तथा कानून तथा नीति विश्लेषक | नेपालमा थोक विद्युत बजार सञ्चालन गर्न सकिने सम्भाव्य मोडलको पहिचान |
| ११. | अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यसम्पादन मूल्यांकन सम्बन्धी सूचकांक निर्धारण तथा अध्ययन | | विद्युत सेवा प्रदायकसंग समन्वय, प्राविधिक अध्ययन टोलीको गठन | विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारमा संलग्न अनुमतिप्राप्त व्यक्तिको कार्यसम्पादन मापनका लागि उपयुक्त सूचकांकको विकास |
| १२. | १० मे.वा. भन्दा माथिका जलविद्युत उत्पादन आयोजनामा हाइड्रोलोजीको असरका सम्बन्धमा अनुसन्धान | | जलवायु परिवर्तन, जल तथा हाइड्रोलोजी विज्ञ लगायत अन्य प्राविधिक विज्ञ | प्रवाहको परिमाणमा भइरहेको दीर्घकालीन परिवर्तनको विश्लेषण |
| १३. | प्रस्तावित तथा निर्माणाधीन प्रसारण लाइन परियोजनाहरूको पुनरावलोकन गरी ग्रिड जडानको अवस्था, आम्दानी र आयोजनाको सञ्चालनमा पर्न सक्ने प्रभावको मूल्यांकन तथा अध्ययन | | प्राविधिक अध्ययन टोलीको गठन, कानूनी विश्लेषक | प्रसारण पूर्वाधारको उपयोगस्तर, जडानको सम्भाव्यता र ढिलाइको कारणको विश्लेषण |
| १४. | साना जलविद्युत आयोजनाको दिगो सञ्चालनउन्मुख अध्ययन तथा अनुसन्धान | | प्राविधिक अध्ययन टोलीको गठन, | दीर्घकालीन सञ्चालनमा देखिएका समस्या र समाधान उपायहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | कानूनी, वित्त तथा नीति विश्लेषक | |
| १५. | विद्यमान अवस्थामा विद्युत खरिद बिक्री सम्झौता तथा दर पुनरावलोकन सम्बन्धी अध्ययन | **आ.व. २०८२/८३** | प्राविधिक अध्ययन टोलीको गठन, वित्त, कानूनी तथा नीति विश्लेषक | दीर्घकालीन वित्तीय स्थायित्वको सिफारिस |
| १६. | आयोगका विभिन्न नियामकीय क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धान अनुदान प्रदान गर्नेसम्बन्धी कार्य | | विभिन्न शैक्षिक, अध्ययन तथा अनुसन्धान प्रतिष्ठानसंग समन्वय | नियामकीय सुधार र अनुसन्धानको लागि युवा जनस्रोत परिचालन |
| १७. | Ancillary services तथा Reactive Power Management सम्बन्धी अध्ययन तथा अवधारणा पत्र तयारीको कार्य | | प्राविधिक अध्ययन टोलीको गठन, कानूनी विश्लेषक | सहायक सेवाको विस्तार गर्नुका साथै Reactive Power व्यवस्थापनको लागि नीति तथा प्राविधिक मार्गदर्शन |
| १८. | स्वतन्त्र प्राविधिक तथा वित्त मूल्यांकनकर्ता/परामर्शदाताबाट विद्युत आयोजनाको प्रगति प्रमाणीकरण (Regulatory Audit) सम्बन्धी कार्य | | प्राविधिक, वित्त तथा कानून विज्ञ/ विश्लेषक | विद्युत आयोजनाको यथार्थपरक प्राविधिक तथा वित्तीय प्रगति प्रमाणीकरण/ मापनको आधार हुने |

**२. विकास साझेदारको सहयोगमा संचालन गरिने योजना तथा कार्यक्रमः**

त्यसैगरी, विद्युत नियमन आयोगसँग तत्काल उपलब्ध जनशक्ति, वित्तीय स्रोत वा प्राविधिक विज्ञता अभाव भएको विशिष्ट विषयवस्तुहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार र दातृ निकायहरूको सहकार्यमा आवश्यक प्राविधिक सहयोग, परामर्श, अध्ययन तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। आयोगले Millenium Challenge Account-Nepal, Asian Development Bank, GIZ, FCDO/GGN, Australian Embassy लगायतका अन्तराष्ट्रिय संघ संस्थासँग नीति संवाद, विधिशास्त्रीय परामर्श, अन्तर्राष्ट्रिय अभ्यास अध्ययन तथा तालिमका कार्यक्रमहरूमा समन्वय गरिने व्यवस्था हुनेछ। आ.व.२०८२/८३ मा आयोगद्वारा विभिन्न विकास साझेदारको सहयोगमा तपसिलबमोजिमका अध्ययन तथा कार्यहरु सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

**विशेषतः विद्युत क्षेत्र सुधार सम्बन्धी अध्ययन अनुसन्धान, खोज तथा नियामकीय गतिविधिहरुको आधारका रुपमा प्रयोग गर्न सकिने प्रमाण सङ्कलन (Evidence Generation) सम्बन्धी गतिविधिहरु मात्र आयोगले विकास साझेदार र दातृ निकायहरुको सहायतालाई परिचालन गर्नेछ।**

**उद्देश्यः** विकास साझेदारसँगको सहकार्यले आयोगलाई अन्तराष्ट्रिय अनुभव तथा उत्कृष्ट अभ्यास, नवीन सोच, प्राविधिक सुदृढीकरण र परिणाममुखी कार्यान्वयनमा सहयोग पुग्नुका साथै ज्ञान तथा सिकाई हस्तान्तरण तथा आदान प्रदान हुने।

| क्र.स. | कार्यक्रम तथा योजना | कार्यान्वयन अवधी | अपेक्षित विकास साझेदार | उद्देश्य |
|---|---|---|---|---|
| १ | आयोगले सामना गर्नुपरेको कानूनी तथा नीतिगत कमी कमजोरी (Legal and Policy Deficiencies) को अध्ययन तथा प्रमाणमा आधारित निष्कर्ष (Evidence Generation) उपलब्ध गराउने | आ.व. २०८२/८३ | **FCDO/Green Growth Nepal** | नियामकीय क्षेत्राधिकार बाँडफाड तथा सुधारका लागि रणनीतिक पथ प्रशस्त गर्ने सम्बन्धी नीतिगत सिफारिस गर्ने कार्यलाई सहजीकरण गर्न |
| २ | आयोगको दीर्घकालीन रणनीतिक तथा संस्थागत विकासको योजना (Strategic and Organizational Development Plan) बारे अध्ययन/अनुसन्धान | आ.व. २०८२/८३ | | संस्थागत दीर्घकालीन योजना र कार्यान्वयन खाका तयार गरी आयोगलाई पूर्ण क्षमतामा संचालन गर्न सम्भव बनाउने |
| ३ | विद्युत सेवा प्रदायकलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनको मोडल (Performance-based incentive model) अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | | अन्तराष्ट्रिय उत्कृष्ट अभ्यासका आधारमा सेवा प्रदायकका लागि नियामकीय प्रोत्साहन संरचना प्रस्ताव गर्न |
| ४ | जलविद्युत आयोजनाहरुको वास्तविक उत्पादन लागत निर्धारण (Cost Benchmarking) सम्बन्धी अध्ययन गर्ने | आ.व. २०८२/८३ | | आयोजना निर्माणमा लाग्ने वास्तविक लागत स्पष्ट हुने, मूल्यांकनका लागि मापन सूचक निर्माण गर्न |
| ५ | आयोगको विद्युतीय प्रणाली (Document Management System) | आ.व. २०८२/८३ | | सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्न |

| | | | | |
|---|---|---|---|---|
| | को क्षमता अभिवृद्धि सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउने | | | |
| ६ | विद्युत नियमन आयोगलाई अध्ययन, अनुसन्धान तथा दैनिक कार्यसम्पादनमा सघाउन आवश्यक परामर्शदाताहरु प्रदान गर्ने | आ.व. २०८२/८३ | | आयोगको कार्यसम्पादनमा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास अंगीकार गर्न |
| ७ | ऊर्जा भण्डारण तथा सुरक्षा (Energy Storage and Security) का निमित्त जलाशययुक्त जलविद्युत आयोजनासंग सम्बधित अध्ययन, अनुसन्धान तथा अन्य कार्य गर्ने | आ.व. २०८२/८३ | **Asian Development Bank** | भण्डारण प्रविधिमा नियमन र दर निर्धारण सम्बन्धी प्राविधिक मार्गनिर्देशन प्राप्त गर्न |
| ८ | जलाशययुक्त आयोजना समेत ग्रीनफिल्ड (Greenfield) तथा ब्राउनफिल्ड (Brownfield) प्रकृतिका विद्युत उत्पादन तथा ऊर्जा भण्डारण परियोजनाहरूको लागत प्रतिबिम्बित महसुल (cost-reflective tariff) निर्धारणका लागि उपयुक्त विधि र मापदण्ड विकास गर्न अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | | अवधारणा पत्र तयार भई लागत प्रतिबिम्बित, प्रविधि तथा परियोजना प्रकार अनुसार फरक विद्युत महसुलको स्पष्ट ढाँचा तथा मार्गदर्शन प्राप्त हुने |
| ९ | खुल्ला पहुँच प्रणालीको पूर्ण कार्यान्वयन, थोक विद्युत बजारको स्थापनाका साथै ऊर्जा क्षेत्रमा निजी तथा विदेशी लगानी प्रोत्साहन गर्न, Tariff Based Competitive Bidding प्रणालीमार्फत प्रसारण सेवा सुनिश्चित गर्न तथा Radial Line र राष्ट्रिय प्रसारण ग्रिडको प्रयोग वापत लाग्ने शुल्क तथा दस्तुर निर्धारणसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | | खुल्ला पहुँच, प्रतिस्पर्धात्मक बजार प्रबर्द्धन र लगानीमैत्री संरचना निर्माणका लागि आवश्यक नीति, शुल्क संरचना र प्रतिस्पर्धात्मक बोलपत्र प्रणालीको खाका तथा अवधारणा प्राप्त हुने |
| १० | आयोगलाई अध्ययन, अनुसन्धान तथा दैनिक कार्यसम्पादनमा सघाउन आवश्यक परामर्शदाताहरु प्रदान गर्ने | आ.व. २०८२/८३ | | आयोगको कार्यसम्पादनमा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास अंगिकार गर्न |

| | | | | |
|---|---|---|---|---|
| ११ | विद्युत प्रणालीमा खुल्ला पहुँच (Open Access) सम्बन्धी नियामकीय उपकरण र खुल्ला पहुँचको संचालनका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | MCA-Nepal | विद्युतमा प्रतिष्पर्धा अभिवृद्धि गर्ने, विद्युत व्यापारलाई सम्भव बनाउन साथै थोक बजारको संचालनको लागि आधारशीला निर्माण गर्न |
| १२ | नियामकीय सूचना प्रणाली व्यवस्थापन (Regulatory Information Management System) अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने | आ.व. २०८२/८३ | | सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्न |
| १३ | विद्युत अनुमतिपत्र प्राप्त व्यक्तिहरूको संस्थागत सुशासन (Corporate Governance) तथा विद्युत सेवा प्रदायकहरूको सेवा गुणस्तर, जवाफदेहिता र कार्यक्षमताका (Standards of Performance) आधारमा कार्यसम्पादन मूल्यांकन सम्बन्धी अध्ययन तथा विश्लेषण गर्ने | आ.व. २०८२/८३ | | अनुमतिपत्र प्राप्त व्यक्तिको सुशासन अभ्यास र सेवा कार्यसम्पादनको वस्तुनिष्ठ मूल्याङ्कनसहित सुधारका लागी आवश्यक क्षेत्र पहिचान भई नियामकीय सुधारको आधार हुने |
| १४ | विद्युत उपभोक्ताका लागि लागत प्रतिबिम्बित, पारदर्शी तथा पूर्वानुमानयोग्य (Predictable) महसुल सुनिश्चित गर्न बहुवार्षिक महसुल (Multi-Year Tariff) निर्धारण मोडल सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | | दीर्घकालीन नियामकीय स्थिरता तथा लगानी सुरक्षालाई सुनिश्चित गर्न बहुवार्षिक महसुल निर्धारणको उपयुक्त मोडल तयार हुने |
| १५ | मिटरिंग संहिता, नियामकीय सूचना व्यवस्थापन प्रणाली (Regulatory Information Management System), Deviation, Balancing and Settlement को व्यवस्था, क्याप्टिभ विद्युत उत्पादन केन्द्रको योग्यता तथा ग्रीडसँगको आबद्धता सम्बन्धी विषयमा प्राविधिक, कानूनी तथा सञ्चालन पक्षको विश्लेषण गर्दै अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | | सुदृढ नियामकीय संरचना, प्रविधि अभिमुखीकरण र प्रणालीगत सुधारका लागि आवश्यक प्राविधिक तथा नीतिगत विश्लेषण र अन्तराष्ट्रिय अभ्याससम्बन्धी अवधारणा प्राप्त हुने |
| १६ | विद्युत उपभोक्ताको हित संरक्षण सम्बन्धी अध्ययन गर्ने | आ.व. २०८२/८३ | GIZ/REEEP | उपभोक्तामैत्री सेवा तथा अधिकार सुनिश्चितता गर्नका |

| | | | | |
|---|---|---|---|---|
| | | | | निम्ति आयोगले अपनाउनु पर्ने रणनीति सिफारिस गर्ने |
| १७ | "दीर्घकालीन सिमान्त लागत विश्लेषण" (Long Run Marginal Cost Analysis) सम्बन्धी अध्ययन गर्ने | आ.व. २०८२/८३ | | भविष्यमा विद्युत महसुलको दर घट्ने/बढ्ने दरको पूर्वानुमान गर्दै, जटिल अवस्थाहरुको न्यूनीकरणका लागि रणनीति अपनाउनका निम्ति आधार प्रदान गर्न |
| १८ | विद्युत नियमन आयोगको सञ्चार रणनीति (Public Communication Strategy) सम्बन्धी अध्ययन गरी उपयुक्त सुझाव सल्लाह दिने | आ.व. २०८२/८३ | | आयोग र आम नागरिकबीच प्रभावकारी सम्पर्क स्थापना गर्नका निम्ति उपयुक्त रणनीति निर्माण गर्न |
| १९ | प्रणाली सञ्चालकले गर्ने सेड्युलिङ् तथा डिस्प्याच सम्बन्धी कार्यको Standard Operating Procedure को खाका निर्धारण गर्ने, ग्रीड कनेक्सन सम्झौताको नमुना निर्माण गर्ने तथा विद्युत खरिद सम्झौता सम्बन्धी समसामयिक पुनरावलोकनको लागि अध्ययन तथा अनुसन्धान गर्ने | आ.व. २०८२/८३ | | ग्रीडमा आबद्ध हुन आउने संस्था एवम् निकायहरुको दायित्व तथा अधिकारलाई स्पष्ट बनाई प्रक्रियामा एकरुपता ल्याउन तथा व्यवस्थित बनाउन |
| | | | | विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ को खण्ड (घ) अनुरुप प्रणाली संचालकको दायित्व निर्धारण गरी प्रणाली संचालन कार्यलाई दक्ष, निष्पक्ष एवम् उत्तरदायी बनाउन |
| | | | | विद्युत खरिद बिक्री सम्झौता प्रक्रियामा एकरुपता ल्याउँदै विद्युत खरिद सम्झौतालाई सरल, स्पष्ट र पारदर्शी बनाउन |
| २० | विद्युत उत्पादनमा पम्प स्टोरेजको भूमिका तथा संभाव्यतासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न सहयोग गर्ने | आ.व. २०८२/८३ | **Australian Embassy** | प्रविधिमा नियमन र दर निर्धारण सम्बन्धी प्राविधिक मार्गनिर्देशन प्राप्त गर्न |

## निष्कर्ष

आयोगले नयाँ पदाधिकारीको आगमन संगै पञ्चवर्षीय मार्गचित्र (२०८१-२०८६) जारी गरी नियमनको स्पष्ट दिशा निर्धारण गरेको छ। त्यसैअनुरुप, संस्थागत सुदृढीकरण, नियामकीय उपकरणहरूको पुनरावलोकन, सेवा प्रवाहलाई डिजिटल प्रणालीमार्फत चुस्त दुरुस्त बनाउने पहल, कर्मचारी प्रशासन र आर्थिक विनियमावली जारी गर्ने कार्यहरू आयोगद्वारा सफलतापुर्वक सम्पन्न गरिएको छ। साथै, विद्युत प्रणालीमा खुल्ला पहुँच तथा जलाशययुक्त आयोजना सम्बन्धी अवधारणा पत्रहरू सार्वजनिक गरियो; उपभोक्ता संरक्षण, विवाद समाधान तथा महशुल निर्धारणको सम्बन्धमा पनि ठोस हस्तक्षेपहरू गरिएको छ। सुरुवाती वर्षको यो यात्रामा आयोगले नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, लोकसेवा आयोग र विकास साझेदारहरूको महत्त्वपूर्ण साथ एवं सहयोग पाएको छ। सीमित स्रोत, अस्थायी कार्यालय र कर्मचारी अभावबीच पनि आयोगले संस्थागत स्मृति, पारदर्शिता र दिगो नियमनको आधार निर्माण गर्ने प्रयत्न गरेको छ।

आयोगको आगामी यात्रा अझ स्पष्ट र महत्वाकांक्षी रहेको छ। आयोगले आगामी वर्षहरूमा स्थायी जनशक्ति व्यवस्थापन, डिजिटल रूपान्तरणको गतिलाई तीव्र बनाउने, उपभोक्ता गुनासो सुनुवाइ संयन्त्रको स्थापना, तथा नियामकीय उपकरणको कार्यान्वयनलाई प्रभावकारी बनाउने लगायतका कार्यलाई प्राथमिकतामा राखेको छ। विकास साझेदारहरूसँग सहकार्य गर्दै, आयोजनाको लागत मूल्यांकन, कार्यसम्पादनमा आधारित नियमन र ऊर्जा सुरक्षासम्बन्धी संरचनात्मक सुधारका कार्यक्रमहरू पनि प्राथमिकताका साथ अगाडी बढाइनेछ। आयोगको दीर्घकालीन सोच स्पष्ट छ-**"सर्वसुलभ, भरपर्दो तथा सुरक्षित विद्युतको आधार, हरेक विद्युत उपभोक्ताको अधिकार"** सुनिश्चित गर्दै, विद्युत नियमनलाई **पारदर्शी, उत्तरदायी, प्रतिस्पर्धात्मक र उपभोक्तामैत्री** बनाउनु नै आयोगको मुख्य लक्ष्य हुनेछ।

## आयोगको प्रतिबद्धता

सर्वसुलभ, भरपर्दो तथा सुरक्षित विद्युत सेवा प्रत्येक उपभोक्ताको अविच्छिन्न आधारभूत अधिकार हो भन्ने मान्यताका साथ आयोगद्वारा पारदर्शी, निष्पक्ष र जवाफदेही तवरले वार्षिक योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिने छ। नेपालको विद्युत प्रणालीलाई सर्वसुलभ, भरपर्दो, प्रतिस्पर्धात्मक तथा समावेशी बनाउदैं उपभोक्ता हितको संरक्षण र ऊर्जा सुरक्षाको प्रत्याभूति हाम्रो प्रतिबद्धता हो।

**धन्यवाद !**

# अनुसूची-१

## आयोगको आ.व.२०८२/८३ को अनुमानित बजेट विवरण

| शिर्षकको नाम | स्रोत | | ८०/८१को यथार्थ खर्च | ०८१/८२को संसोधित अनुमान | विद्युत नियमन आयोगको कोष | बैदेशिक सहयोग | | प्रा. संकेत | दिगो वि.सं | लैंगिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | विद्युत नियमन आयोगको कोष | | | आयोगको जम्मा बजेट रकम रू. ०८२/८३ | अनुदान | ऋण | | | |
| पारिश्रमिक कर्मचारी | - | कोष | ६,९२६,९९६ | ८,५६९,०३८ | १८,४२५,५४९ | - | - | | | |
| पारिश्रमिक पदाधिकारी | - | कोष | २,७०७,८३९ | ४,४१६,८५३.४० | ४,८६९,०७२ | - | - | | | |
| कर्मचारी पोशाक | - | कोष | ११०,००० | १२०,०००.०० | ३००,००० | - | - | | | |
| औषधी उपचार खर्च | - | कोष | - | - | १,२००,००० | - | - | | | |
| महङ्गी भत्ता | - | कोष | २२६,००० | २६६,०००.०० | १,८००,००० | - | | | | |
| कर्मचारी बैठक भत्ता | - | कोष | ८२०,५०० | ६६३,५००.०० | १,७००,००० | - | - | | | |
| प्रोत्साहन भत्ता | - | कोष | | | - | - | - | | | |
| अन्य भत्ता | - | कोष | १४,९९६ | ४४०,२००.०० | १,२३०,००० | - | - | | | |
| पदाधिकारी बैठक भत्ता | - | कोष | ५९५,००० | १,३०३,५००.०० | २,१६०,००० | - | - | | | |
| पदाधिकारी अन्य सुविधा | - | कोष | ६५,१६८ | २७०,०००.०० | ६९८,००० | - | - | | | |
| पदाधिकारी अन्य भत्ता | - | कोष | | | - | - | - | | | |
| योगदानमा आधारित निवृतिभरण र उपदान | | कोष | - | ६६,५३३.०० | १,०८०,००० | - | - | | | |
| योगदानमा आधारित विमा कोष खर्च | - | कोष | ४५,२०० | ५३,२००.०० | ११०,४०० | - | - | | | |
| अन्य सामाजिक सुरक्षा खर्च | | कोष | | | - | - | - | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पानी तथा बिजुली | - | कोष | ७८१,०८० | ८३४,६४०.०० | १,६२०,००० | - | - | | | |
| सञ्चार महसुल | - | कोष | ४५७,४७९ | २४४,४८४.०० | ८२८,००० | - | - | | | |
| इन्धन पदाधिकारी | - | कोष | १,७७०,१३८ | १,४११,९१३.०० | २,४३७,५०० | - | - | | | |
| इन्धन कार्यालय प्रयोजन | - | कोष | ७०९,१३० | ६२२,११४.०० | १,५४३,२०० | - | - | | | |
| सवारी साधन मर्मत खर्च | - | कोष | १,२०१,७८२ | १,१५०,०००.०० | २,८५०,००० | - | - | | | |
| बीमा तथा नवीकरण खर्च | - | कोष | १८२,३४५ | १८३,२९३.०० | ५७५,००० | - | - | | | |
| मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | - | कोष | १५३,६०० | ३११,०९१.०० | ९००,००० | - | - | | | |
| निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च | - | कोष | १५७,०८३ | ५६३,९६०.०० | १,०००,००० | - | - | | | |
| मसलन्द तथा कार्यालय सामान | - | कोष | १,४२२,३५० | २,०००,०००.०० | २,५००,००० | - | - | | | |
| पुस्तक तथा सामाग्री खर्च | - | कोष | ३,५०० | १७१,५९२.०० | १,०००,००० | - | - | | | |
| इन्धन अन्य प्रयोजन | - | कोष | | | - | - | - | | | |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | - | कोष | १,९६४,४०० | २,७०४,४२७.०० | ५,५००,००० | - | - | | | |
| अन्य कार्यालय सन्चालन खर्च | - | कोष | २६,६३३ | २५४,६४३.०० | ५,०००,००० | - | - | | | |
| सेवा र परामर्श खर्च | - | कोष | ४६५,६१६ | ४,२३०,०००.०० | १८,४८०,००० | - | - | | | |
| सूचना प्रणाली तथा सफ्टवेयर सन्चालन खर्च | - | कोष | - | - | १,९००,००० | - | - | | | |
| करार सेवा शुल्क | - | कोष | ६,२४६,००० | ७४८,५००.०० | ८,३१३,४३२ | - | - | | | |
| अन्य सेवा शुल्क | - | कोष | - | - | १,९०४,१८८ | | | | | |
| कर्मचारी तालिम खर्च | - | कोष | ४२,२६२ | ३३५,०९१.०० | ४,२७५,००० | - | - | | | |
| कार्यक्रम खर्च | - | कोष | २,७३१,५८८ | ४,४०५,१३५.०० | २२,२००,००० | - | - | | | |
| अनुगमन, मूल्यांकन खर्च | - | कोष | ३०१,७५५ | ९७५,०००.०० | ४,०००,००० | - | - | | | |
| भ्रमण खर्च | - | कोष | ३७८,५५७ | ३३,७००.०० | १८०,००० | - | - | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विविध खर्च | - | कोष | ५२,४४०,५०४ | ५९,५७४,१०२.०० | ४१,४२०,००० | - | - | | | |
| घर भाडा | - | कोष | – | – | १२,०००,००० | - | - | | | |
| सवारी साधन तथा मेसिनरी औजार भाडा | - | कोष | – | – | १,१००,००० | - | - | | | |
| चालुगत खर्च जम्मा | - | कोष | ८२,९४७,५०१ | ९६,९२२,५०९ | १७५,०९९,३४१ | - | - | | | |
| सवारी साधन | | कोष | – | १०,००७,८९९.०० | १९,८७५,००० | - | - | | | |
| मेशिनरी तथा औजार | - | कोष | ४३५,६५७ | २,६४९,१६०.० | ४,२७५,००० | - | - | | | |
| फर्निचर तथा फिक्चर्स | | कोष | ३१७,५९१ | १,३४७,८२३.० | ३,०५०,००० | - | - | | | |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | | कोष | – | १,२५५,३४५.०० | ५,१००,००० | - | - | | | |
| निर्मित भवनको संरचनागत सुधार | - | कोष | – | ३२६,४९७.० | १०,०००,००० | - | - | | | |
| पूँजीगत खर्च जम्मा | - | कोष | ७५३,२४८ | १५,५८६,७२४ | ४२,३००,००० | - | - | | | |
| चालुगत तथा पुँजीगत खर्च कूल जम्मा | - | कोष | ८३,७००,७४९ | ११२,५०९,२३३ | २१७,३९९,३४१ | - | - | | | |